# महिला आमा समुह

सामाजको आधा भन्दा पनि बढि जनसङ्ख्या ओगटेको महिलाहिरुलाई विकासको विभिन्न क्रियाकलापहरुमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न नगराउँदा सम्म आनिबानिहरु एवं सामाजको आमुल परिवर्तन हुन सक्दैन । नेपाल राज्यभरि विभिन्न महिला तथा आमा समुहहरु भएता पनि महिला आमा समुहले खेलेको भुमिकाले समाज उन्न्ती क्षेत्रमा उल्लखनिय परिवर्तन गराइ सबैलाई आश्चर्य चकित नै बनाई दिएको छ । संघिय नेपालको संरचना अनुसार स्थानिय स्तरमा नै जनताको मौलिक हक अधिकार तथा अन्य क्रियाकलापहरु सञ्चालन गर्ने अधिकार नेपाल सरकारले स्थानिय सरकारलाई नै प्रतियोजन गरेको हुदा सबैले आ-आफ्नो ठाउँबाट महिला आमा समुहलाई सहयोग गरेको खण्डमा समाजमा आमुल परिवर्तन हुने अवस्था छ ।

## महिला आमा समुह गठन प्रक्रिया

- महिला आमा समुह प्रत्येक वार्डमा गाउँ कार्यपालिकाले तोकेको संख्यामा रहने व्यवस्था गरिएको छ ।
- एउटा समुहमा ३० देखि ५० घर धुरी वा सो भन्दा पनि बढि घर धुरीको सदस्यहरु रहने व्यवस्था छ ।
- प्रत्येक समुहमा समुहका सदस्यहरुबाट छानिएका **अध्यक्ष-१, कोषाध्यक्ष-१, सचिव-१** र अन्य समुहका सबै महिलाहरु सदस्यमा रहने गरि समुह निमार्ण गर्नु पर्ने हुन्छ ।
- समुहका सदस्यहरु स्थानिय र उमेर कम्तीमा २० वर्ष हुनु पर्ने छ ।

## महिला आमा समुहको बैठक

- महिला आमा समुहको बैठक कम्तीमा पनि महिनाको एक पटक अनिवार्य रुपमा बस्नु पर्ने हुन्छ ।
- समुहको बैठक अध्यक्षको अध्यक्षतामा अध्यक्ष नभएमा सचिवको अध्यक्षतामा दुबै पदाधिकारी नभएमा कोषाध्यक्षको अध्यक्षतामा बैठक बसाल्ना सकिनेछ ।
- **महिला आमा समुहको बैठकमा गरिने छलफलका विषय वस्तुहरु**



Scanned by CamScanner

## महिला आमा समुह दर्ता प्रकिया

- महिला आमा समुह गठन सम्बन्धि उल्लेख गरेका सम्पुर्ण क्रियाकलाप पुरा गरेको हुनु पर्ने छ ।
- महिला आमा समुहको बैठक बसी दर्ताको लागि गरेका निणर्यहरुको फोटोकपि र सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र सहित फाइल गाउँपालिकामा पेश गरेमा फाइल माथि छलफल गरि सो महिला आमा समुहलाई गाउँ कार्यपालिकाको कार्यालयले दर्ता गरि दर्ता नम्बर दिनेछ ।

## महिला आमा समुह नविकरण प्रक्रिया

- प्रत्येक महिला आमा समुह प्रत्येक वर्षको असार मसान्त भित्र नविकरण गराई सक्नु पर्ने हुन्छ ।
- समुहको नविकरण गर्दा कुनै प्रकारको सेवा शुल्क लिने छैन ।
- समुहको नविकरण गर्न आउदा बैठक बसेको निर्णयको फोटोकपि समुहले समाज उत्थान गर्ने गरेका क्रियाकलापहरुको विवरण र समुहको कोषको लेखाजोखा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

## समुह पुरस्कृत हुने व्यवस्था

यस सुकिदह गाउँपालिकाको विभिन्न वडाहरुमा दर्ता भई सञ्चालनमा रहेका महिला आमा समुहको वर्ष भरि गरेका क्रियाकलापहरुको लेखाजोखा गरी बढिमा ३ (तीन) वटा समूहहरुलाई पुरस्कृत गर्न सकिनेछ । सुकिदह गाउँपालिकाले कुनै एक महत्त्वपूर्ण दिनलाई नारी दिवस घोषना गर्न सक्नेछ । उक्त दिन पुरस्कृत गरिनेछ ।



Scanned by CamScanner

- प्रत्येक बैठकमा समय सापेक्ष वातावरण एवं [illegible]को बारेमा अनिवार्य रुपमा छलफल र निर्णय गर्नु पर्ने हुन्छ ।
- बैठकमा समाज सुधार र उत्थानको बारेमा गम्भीर रुपमा छलफल र समयले भ्याएसम्म निणर्य गर्दा उपयुक्त हुन्छ ।
- समाजमा विद्यमान कुरुतीको कारण र सुधारको विषय छलफल हुनु पर्दछ ।
- समुहको कोषमा जम्मा रहेको रकमको आम्दानी, खर्च, लगानी र बाँकी रहेको रकमको लेखाजोखा प्रत्येक सदस्यहरुले जानकारी पाउने गरी प्रत्येक बैठकमा कोषध्यक्षले अध्यावधि गर्नुपर्छ ।
- आफ्नै नीति तथा कार्यविधि निर्माण गरी गाउँ कार्यपालिकाबाट स्वीकृत गराउने विषयमा छलफल गर्नुपर्छ ।

## महिला आमा समुहको पदाधिकारीहरुको कार्यकाल

- महिला आमा समुहको पदाधिकारीहरुको कार्यकाल २ वर्षको हुनेछ । आवश्यकता अनुसार थप गर्नसकिनेछ ।
- महिला आमा समुहको नीति नियम विपरित काम गर्ने वा समाजमा समुहलाई नै आलोचित हुने गरि क्रियाकलाप सञ्चालन गर्ने पदाधिकारिहरुलाई समुहको तत्कालिन बैठक बसालि बहुमत सदस्य संख्याको निणर्यबाट गैर जिम्मेवारी काम गर्ने पदाधिकारिहरुलाई पदबाट हटाउन सकिनेछ ।

## महिला आमा समुहको विघटन हुने प्रावधान

- महिला आमा समुहको सदस्य संख्या र घर धुरी तोकिएको सिमा भन्दा कम भएमा ।
- समुहको नियमित बैठक नबसेमा ।
- समुहको बैठक बस्दा तोकिएका विषय सम्बन्धि छलफल नगरेमा ।
- समुहले समाज परिवर्तनको लागि खेल्नु पर्ने भुमिका नखेलेको भन्ने विषय गाउँ कार्यपालिकाबाट प्रमाणित भएमा ।
- समुह कोषको वार्षिक आम्दानी, खर्च तथा लगानीको लेखाजोखा प्रतिवेन पेश नगरेमा ।
- समुहले वर्षभरी गरेका रचनात्मक क्रियाकलापहरुको प्रतिवेन पेश नगरेमा ।



वीर बहादुर रुम्बा
अध्यक्ष

Scanned by CamScanner